हाम्रो प्रजाशक्ति ०७-०७-१५



पश्चिम सिक्किमको टाशिडिङ लेग्सेप सड्क मार्ग विगत एक सातादेखि बन्द रहेको छ। अहिले निरन्तर आइरहेको बर्खे झरीको कारण टाशिडिङ लेग्सेप जोड्ने सड्क मार्गको गुन्द्रुकेमा माथिबाट झरेको पैहोले सड्क नै चुढाएर लाँदा उक्त सड्क ठप्प भएको हो। फलस्वरूप त्यहाँका आम जनजीवनलाई आवतजावतमा यो पैहोले ठूलो समस्या उत्पन्न गरेको छ। सड्कको बेसवाल नै पैहोले सोहेर लगेको कारण सडक मार्गलाई सुचारु गर्न केहि दिन लाग्ने विभागीय सुत्रबाट जानकारी प्राप्त भएको छ।